# नेपाल मानव अधिकार संगठन
## Human Rights Organisation of Nepal

HURON

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं. २५१०८१

मितिः २०८१/०४/२५

**सङ्क्रमणकालीन न्याय सम्बन्धमा**

संघीय संसद्को कानून, न्याय तथा मानवअधिकार समितिले पास गरी संसद्मा पेश गर्ने तयारीमा रहेका बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयक द्वन्द्वकालीन घटनाका पीडकहरूलाई दण्डित गरी पीडितहरूको पीडालाई मलमपट्टी लगाउने र त्यस्तै किसिमको द्वन्द्वको पुनरावृत्ति हुन रोक्ने तर्फ उन्मुख नभई अन्तर्राष्ट्रिय मानव अधिकार र मानव अधिकार कानूनले समेत माफी मिनाहा दिन नमिल्ने अपराधका दोषी समेतलाई प्रत्यक्ष र परोक्ष रुपमा समग्रमा उन्मुक्ति दिने (Blanket Amnesty) दिशातर्फ उन्मुख रहेको हुनाले उक्त संशोधनले यस नेपाल मानव अधिकार संगठनको गम्भिर रूपले ध्यान आकृष्ट भएको छ।

दलीय सहमतिका नाममा हाल संघीय संसद्मा पेश गर्न लागेको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विधेयकमा पनि साविकका प्रस्तावित संशोधन विधेयकमा रहेका सैद्धान्तिक र व्यवहारिक कमी कमजोरीहरू प्रचुर र पर्याप्त मात्रामा रहेको स्पष्ट छ।

- मानवअधिकार उल्लङ्घनको घटना भित्र शसस्त्र द्वन्दमा सहभागी व्यक्ति (सैनिक/लडाकु) माथि अन्तर्राष्ट्रिय मानवअधिकार र मानवीय कानून र मानवअधिकार कानून उल्लंघन हुने गरी गरिएका मानव अधिकार उल्लंघन र मानवअधिकारको गम्भिर उल्लङ्घनका कार्यहरू, वर्दीमा रहेको तर निशस्त्र व्यक्ति र द्वन्दमा हतियार बोकेकै भएपनि आत्मसपर्मण गरेका व्यक्तिहरू माथि गरेको मानव अधिकार उल्लंघन र मानवअधिकारको गम्भिर उल्लङ्घनका कार्यहरूलाई अपराधको रुपमा परिभाषा भित्र नसमेटी द्वन्दका दुबै तर्फको वर्दिवालहरुले एकआपस विरुद्ध गरिएका आपराधिक कार्यहरूबाट तिनीहरूलाई उन्मुक्ति दिन खोजिएको।
- विधेयकले "मानव अधिकारको गम्भिर उल्लङ्घनको सट्टामा "मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भिर उल्लंघन" वाक्यांश राखी हत्या, यातना, व्यक्ति बेपत्ता पार्ने कार्य जस्ता मानव अधिकार कानून र मानवीय कानूनले समेत जघन्य ठहर गरेको अपराधलाई सामान्य मानव अधिकार उल्लङ्घनको घटनाको रुपमा व्याख्या गर्न सक्ने अवस्था सृजना गरी दोषीलाई वैधानिक उन्मुक्ति दिन खोजेको।
- बालबालिकालाई ललाई, फकाई, धम्की दिई शसस्त्र द्वन्दमा संलग्न गराएको कार्यलाई गम्भिर मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनको अपराधमा नराखी मानव अधिकार तथा मानवीय कानूनको दोषीलाई (युद्ध अपराधलाई) उन्मुक्ति दिएको।

- सबै गम्भिर मानव अधिकार उल्लङ्घनको घटनालाई नै मानव अधिकार उल्लंघन घटनाको रुपमा व्याख्या गर्ने वा कायमै राख्ने व्यवस्था गरि सकेपछि गम्भिर मानव अधिकार उल्लङ्घनमा संलग्नलाई क्षमादानको सिफारिस नगरिने भन्ने व्यवस्था केवल हात्तीको देखाउने दाँत रहेको ।
- आयोगबाट ठहर बमोजिम मुद्दा चलाउन महान्यायाधिवक्तालाई सिफारिस गर्दा समेत महान्यायाधिवक्तालाई अनिवार्य रुपमा मुद्दा चलाउन अनिवार्यता नगरी चलाउने वा नचलाउने स्वेच्छाचारी अधिकार प्रदान गरी न्यायलाई परोक्ष रुपमा कार्यपालिकाको दयाको विषयवस्तु बनाइनुका साथै शक्तिशाली किसिमका पीडकलाई वैधानिक रूपले उन्मुक्ति प्रदान गर्ने व्यवस्था गरी Blanket Amnesty लाई संस्थागत गरेको ।
- पीडितलाई पीडित राहत कोष जस्ता तटस्थ निकाय मार्फत राहत उपलब्ध गराउने व्यवस्था नगरी पीडकबाट सिधै राहत क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्थाले नेपालको कानूनी व्यवस्थामा पीडितलाई पीडकको दयाको पात्र बनाइनुको साथै नेपालमा पनि मध्यपूर्वका केही देशमा रहेको Blood Money को व्यवस्था संस्थागत गर्न खोजेको देखिन्छ । कालान्तरमा यो व्यवस्थाले नेपाली समाजमा पनि गरिब र निमुखा व्यक्तिलाई बस्तुकरण गर्नेछ ।
- मुलुकी देवानी संहिताले व्यक्ति बेपत्ता भएको अवस्थामा सम्पत्ति हस्तान्तरण सम्बन्धी व्यवस्था गरेकोमा त्यसको प्रभावकारी कार्यान्वयनको लागी विशेष व्यवस्था गर्नुपर्नेमा सो नगरी बेपत्ता भएको व्यक्तिको सम्पत्ति हस्तान्तरण कार्यलाई गिजोलेर पीडितलाई झन पीडित बनाउन खोजेको ।
- प्रस्तावित संशोधनले मानव अधिकारको गम्भिर उल्लंघन सम्बन्धी मुद्दाहरू हेर्न विशेष अदालत गठनको व्यवस्था गरेको छ । त्यो आफैमा हास्यास्पद छ किनकि प्रस्तावित विधेयकमा साविक ऐनमा प्रयुक्त रहेको “मानव अधिकारको गम्भिर उल्लंघन” को सट्टामा “मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भिर उल्लंघन” वाक्यांश राखी संशोधन प्रस्ताव गरिएको छ । यसले सबै मानव अधिकारको गम्भिर उल्लङ्घनका घटनाहरूलाई मानव अधिकारको उल्लङ्घनको घटनाको रुपमा समेटी दोषीलाई उन्मुक्ति दिन खोजिएको देखिन्छ । यस्तो अवस्थामा प्रस्तावित विशेष अदालतको कुनै औचित्य समेत देखिदैंन ।
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले सजाय निर्धारण एवं कैदको भुक्तानीका सम्बन्धमा आधुनिक र परिमार्जित व्यवस्था गरेको छ । सङ्क्रमणकालीन न्यायको व्यवस्था छुट्टै व्यवस्था नभई देशको आन्तरिक कानूनी व्यवस्थाको सहयोगी व्यवस्था मात्र हो । द्वन्दको मानवअधिकार उल्लङ्घनका घटनामा संलग्न दोषीहरूलाई पनि बहाल रहेको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले सजाय निर्धारण एवं कैदको भुक्तानी -प्रोवेशन, पेरोल आदि) हुनु अनिवार्य छ । प्रस्तावित विधेयकले मानव अधिकारको गम्भिर उल्लङ्घनको दोषीलाई समेत प्रचलित कानूनमा रहेको सजायको २५% मात्र माग दावी गर्ने व्यवस्था गरेको छ । यसले नेपालको संविधान (कानूनी समानता) फौजदारी कानून र दण्ड सम्बन्धित व्यवस्थालाई पराजित गरी दण्डहीनतालाई प्रत्यक्ष एवं परोक्ष रूपले सघाउने देखिन्छ ।

माथिका तथ्य आधार कारणबाट समितिले प्रतिनिधि सभामा पेश गर्न लागेको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्ने विद्येयक नेपालको संविधान, नेपालको न्यायिक व्यवस्था, प्रचलित कानून, नेपाल पक्ष भएको मानवअधिकार कानून र मानवीय कानूनको व्यवस्था, सङ्क्रमणकालीन न्यायका सिद्धान्त, सम्मानित सर्वोच्च अदालतबाट विभिन्न मुद्दाहरूमा गरेको फैसला आदेश विपरित पीडितलाई झन पीडित बनाउने किसिमको भएकाले प्रस्तावित संसोधन विद्येयक यथा स्वरूपमा पारित नगर्न नगराउन प्रतिनिधि सभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरू र नेपाल सरकार समक्ष जोडदार रूपले माग गर्दछ ।

ईन्द्र प्रसाद अर्याल
अध्यक्ष
मो.नं.९८५१०५८३६८